## १. पृष्ठभूमि

मुलुकमा विद्यमान बेरोजगारी र गरिबीको समस्यालाई सम्बोधन गरी दिगो आर्थिक विकास हासिल गर्न नेपाल सरकारले काम र रोजगारीलाई उच्च प्राथमिकता प्रदान गरेको छ । नेपालको संविधानको धारा ३३ मा उल्लेखित रोजगारीको हकलाई कार्यान्वयन गर्न बनेको रोजगारीको हक सम्बन्धी ऐन, २०७५ बमोजिम प्रत्येक नागरिकलाई न्यूनतम रोजगारीको प्रत्याभूतिका लागि आन्तरिक रोजगारीका अवसर सिर्जना गर्न नेपाल सरकारले **प्रधानमन्त्री रोजगार कार्यक्रम** कार्यान्वयनमा ल्याएको छ ।

यस कार्यक्रम अन्तर्गत प्रत्येक गाउँपालिका र नगरपालिकामा एक रोजगार सेवा केन्द्र रहनेछ । रोजगार सेवा केन्द्रमा एक जना रोजगार संयोजक रहने व्यवस्था गरिएको छ । बेरोजगार व्यक्ति र रोजगारीका अवसर सम्बन्धी सूचना र तथ्याङ्क संकलन गरी अद्यावधिक राख्न रोजगार सेवा केन्द्रमा *रोजगार व्यवस्थापन सूचना प्रणाली* को स्थापना गरिनेछ ।

बेरोजगार व्यक्तिले आफ्नो वडा कार्यालयमा दर्ता गरेको निवेदनको आधारमा गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको निर्णयबाट निजलाई *रोजगार व्यवस्थापन सूचना प्रणाली* मा प्रविष्ट गरी सूचीकरण गरिनेछ । सूचिकृत भएका बेरोजगार व्यक्तिलाई एक आर्थिक वर्षमा कम्तिमा १०० दिनको न्यूनतम रोजगारीको सुनिश्चितता गरिनेछ ।

परिवारको कुनैपनि सदस्यले न्यूनतम रोजगारी प्राप्त गर्न नसकेको अवस्थामा त्यस्तो परिवारलाई १०० दिनको न्यूनतम पारिश्रमिकको ५० प्रतिशत बराबरको रकम निर्वाह भत्ताका रुपमा प्रदान गरी सामाजिक सुरक्षाको व्यवस्था गरिनेछ ।

यसका अतिरिक्त यो कार्यक्रमले व्यावसायिक तथा सीपमूलक तालिम मार्फत बेरोजगार व्यक्तिको सीप तथा उद्यमशीलता अभिवृद्धि गर्ने, रोजगारीका नयाँ क्षेत्रहरुको पहिचान गर्ने र श्रमको सम्मान गर्ने संस्कृतिको विकास गर्ने जस्ता कार्यक्रमहरु समेत संचालन गर्नेछ । यो कार्यक्रम तीनवटै तहका सरकारी, निजी, सहकारी तथा सामुदायिक क्षेत्रहरुबीचको समन्वय र सहकार्यमा संचालन हुनेछ ।

यस कार्यक्रमले अन्ततोगत्वा उत्पादनशील रोजगारीका अवसरमा वृद्धि गरी दिगो आर्थिक विकास मार्फत समृद्ध नेपाल र सुखी नेपालीको राष्ट्रिय सोच प्राप्त गर्न योगदान पुऱ्याउनेछ ।

## २. कार्यक्रमको सोच

सबैका लागि रोजगारीको प्रत्याभूति मार्फत नागरिकको जीवनस्तरमा सुधार ।

## ३. कार्यक्रमको लक्ष्य

आन्तरिक रोजगारीका अवसरमा वृद्धि र सामाजिक सुरक्षाको प्रवर्द्धन गर्ने ।

## ४. कार्यक्रमको उद्देश्य

(क) बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्न आवश्यक रोजगार सेवा र सहायता प्रदान गर्ने ।

(ख) दक्ष तथा सक्षम जनशक्ति विकास गरी आन्तरिक रोजगारीको प्रवर्द्धन र विस्तार गर्ने ।

(ग) सरकारी, निजी, सहकारी तथा गैरसरकारी क्षेत्रहरुबीचको समन्वय र सहकार्यमा रोजगारीका थप अवसर सिर्जना गर्ने ।

(घ) आन्तरिक रोजगारी सिर्जनाका लागि आवश्यक नीतिगत र संरचनागत व्यवस्था गर्ने ।

(ङ) सार्वजनिक पूर्वाधारहरुको निर्माण, स्तरोन्नति र विस्तारमा योगदान गर्ने ।

(च) आन्तरिक रोजगारी सिर्जनासम्बन्धी अध्ययन अनुसन्धान गरी रोजगारीका नयाँ क्षेत्रहरुको पहिचान गर्ने ।

(छ) सार्वजनिक सेवाका विभिन्न क्षेत्रमा थप रोजगारी सिर्जना गर्ने ।

## ५. कार्यक्रमको रणनीति

(क) सार्वजनिक निर्माणमा श्रममूलक प्रविधिको प्रयोग गर्ने ।

(ख) बजारको मागमा आधारित सीपमूलक तालिम संचालन गर्ने ।

(ग) रोजगार सूचना तथा परामर्श सेवाको व्यवस्था गर्ने ।

(घ) अन्तर तहगत तथा अन्तर निकायगत समन्वय गर्ने ।

(ङ) सरकारी, निजी, सहकारी तथा सामुदायिक क्षेत्र बीचमा साझेदारी गर्ने ।

(च) श्रमको सम्मान गर्ने संस्कृतिको विकास गर्ने ।

(छ) सूचना प्रविधिमा आधारित कार्य प्रणालीको अवलम्बन गर्ने ।

## ६. कार्यक्रमका प्रमुख पक्षहरु

(क) **रोजगार सेवा तथा सहायता** : बेरोजगार व्यक्तिको तथ्याङ्क संकलन र लगत अद्यावधिक, बेरोजगारको पहिचान र सूचीकरण, रोजगारीको सम्भावनाको आँकलन, रोजगारीका लागि सहयोग, निजी, सहकारी तथा सामुदायिक क्षेत्रसंग समन्वय तथा सहकार्य र निर्वाह भत्ता वितरण ।

(ख) **रोजगारीका लागि सीप तथा क्षमता अभिवृद्धि** : व्यावसायिक तथा सीप विकास तालिम, रोजगारीका स्थानीय सम्भावनाको खोजी, तालिम-प्रदायक निकायहरुको संस्थागत क्षमता विकास र संस्थाहरु बीचको समन्वय ।

(ग) **रोजगारीका लागि निजी, सहकारी र गैरसरकारी क्षेत्रसँग सहकार्य** : जनशक्तिको प्रक्षेपण र विश्लेषण, जनशक्ति आपूर्ति तथा क्षमता अभिवृद्धिमा निजी, सहकारी र गैर सरकारी क्षेत्रसँग समन्वय र सहकार्य, सार्वजनिक पूर्वाधार निर्माण तथा सेवा क्षेत्रमा अन्तरनिकाय समन्वय, रोजगारमूलक आयोजना तथा कार्यक्रमको तर्जुमा एवं कार्यान्वयनको प्रकृयामा पारस्परिक सहयोग र सहकार्य ।

(घ) **नीतिगत सुधार** : रोजगारीको हकको कार्यान्वयन र रोजगारी सिर्जनाका लागि नीतिगत परिमार्जन तथा थप नीतिगत एवम् संरचनागत व्यवस्था ।

(ङ) **रणनीतिक सञ्चार** : 'श्रमको सम्मान, राष्ट्रको अभियान' कार्यक्रम, रोजगार नीति तथा कार्यक्रमको प्रचारप्रसार र रोजगार बन्नका लागि अभिप्रेरित गर्न सञ्चार र सचेतना अभियान ।

(च) **अध्ययन तथा अनुसन्धान** : बजारको मागमा आधारित सीप विकास र रोजगारी सिर्जना ।

(छ) **रोजगार व्यवस्थापन सूचना प्रणाली** (EMIS) : बेरोजगार व्यक्ति र रोजगारीका अवसरको कम्प्युटरमा आधारित अद्यावधिक सूचना प्रणाली विकास ।

## ७. कार्यक्रमको संरचनागत व्यवस्था

यस कार्यक्रमको राष्ट्रिय स्तरमा समग्र संयोजन श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले गर्नेछ । नेपाल सरकारका विषयगत मन्त्रालय, प्रदेश सरकारको सम्बन्धित विषय हेर्ने मन्त्रालय तथा विषयगत मन्त्रालयहरु र स्थानीय तहहरु यस कार्यक्रम कार्यान्वयनको जिम्मेवार निकायको रुपमा रहेका छन् । यस कार्यक्रमलाई निर्देशन र कार्यान्वयन गर्न संघ, प्रदेश र स्थानीय तहमा देहायका समितिहरु रहनेछन् :

**संघीय निर्देशक समिति**
(अध्यक्ष, मा.मन्त्री/राज्यमन्त्री, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय)

↓

**प्रदेश निर्देशक समिति**
(अध्यक्ष, मा.मन्त्री/राज्यमन्त्री, रोजगार सम्बन्धी विषय हेर्ने मन्त्रालय)

↓

**स्थानीय निर्देशक समिति**
(अध्यक्ष, नगर प्रमुख/गाउँपालिका)